# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८१ | काठमाडौं | बिहीबार, १२ कात्तिक २०८३ | Prabhab National Daily | Thursday, 29 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# तिहारलगत्तै आन्दोलनको तयारीमा विभिन्न दल र समूह



देश 'क्रिटिकल' अवस्थामा छ । यस अवस्थाबाट हामीले देशलाई पार लगाउनुपर्ने छ । यसका लागि हामी आन्दोलनका लागि तयार हुनुपर्छ ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले

■ **जेबी योञ्जन**

**काठमाडौं–** तिहार र छठ पर्व सकिएलगत्तै वालेन्द्र शाह नेतृत्वको सरकारविरुद्ध आन्दोलन चर्काउने तयारीमा विभिन्न राजनीतिक दल तथा समूह जुटेका छन् । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसभन्दा पनि वामपन्थी दलहरू र राजावादी दल तथा समूह विभिन्न एजेण्डा अघि सार्दै आन्दोलनको तयारीमा बढी सक्रिय देखिएका छन् ।

क्रमशः पृष्ठ २ मा

## कसको एजेण्टा के ?

### नेकपा एमाले

- सरकारको कार्यशैलीको विरोध
- राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको रक्षा
- संविधान र लोकतान्त्रिक व्यवस्थाको रक्षा
- प्रहरीको पक्राउ प्रक्रिया र सरकारको कार्यशैलीमाथि खबरदारी
- सदन र सडकबाट आन्दोलन गर्दै पार्टीलाई बलियो बनाउने

### नेपाली कम्युनिस्ट पार्टी (नेकपा)

- राष्ट्रिय स्वाधीनताको रक्षा
- लोकतान्त्रिक गणतन्त्रको संरक्षण
- सामाजिक न्याय र सुशासन ।
- जनजीविका र आर्थिक समृद्धिका सवाल
- वामपन्थी, लोकतान्त्रिक र देशभक्त शक्तिसँग सहकार्य

### दुर्गा प्रसाईं समूह

- हिन्दू अधिराज्य र राजसंस्था पुनःस्थापना
- राष्ट्रिय स्वाभिमानको रक्षा
- जनताको पक्षमा आन्दोलन
- देशव्यापी आन्दोलनमार्फत निर्णायक दबाब

### जय नेपाल पार्टी

- महँगी नियन्त्रण
- बजार भाउ घटाउने
- हिन्दू, बौद्ध र किरात परम्परासहितको सनातन हिन्दू अधिराज्य स्थापना गर्ने
- संवैधानिक राजसंस्था पुनःस्थापना

NPL
NEPAL PREMIER LEAGUE

**बुधबारको नतिजा**

सुदूरपश्चिम रोयल्स् ६ विकेटले विजयी

१४५/७ (२०) | १४८/४ (१६.५)

**आजको खेल**

मध्याह्न १२:३० बजे

अपराह्न ४:३० बजे

'अर्नब' चक्रवातको प्रभाव

# नेपालमा भारी वर्षा र हिमपातको जोखिम, उच्च सतर्कता अपनाउन आग्रह

बिहीबारदेखि आइतबार बिहानसम्म कोशी, बागमती र गण्डकीको हिमाली क्षेत्रमा भारी वर्षा हुने देखिएको छ । ती क्षेत्रमा प्रतिकार्यमा जुट्नुपर्ने देखिन्छ । अरु क्षेत्रमा सतर्क रहनुपर्ने अवस्था छ ।

**बिनु महर्जन**
मौसमविद्



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बंगालको खाडीबाट तीव्र गतिमा आएको अर्नब चक्रवातको असर नेपालमा देखिन थालेको छ । बुधबार लुम्बिनी, कर्णाली र सुदूरपश्चिममा यसको असर देखिएको नेपाल मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महशाखाले जानकारी दिएको छ ।

महाशाखाकी मौसमविद् बिनु महर्जनले बुधबार बिहान लुम्बिनीका केही भागमा अर्नबको कारण वर्षा भएको बताइन् । 'लुम्बिनीमा बुधबार बिहान पानी परेको छ । कर्णाली र सदूरपश्चिमका आकाशमा यसको असर देखिएको छ,' महर्जनले भनिन् ।

यो चक्रवातका कारण आज (बिहीबार) देखि आइतबार बिहानसम्म कोशी, बागमती र गण्डकीका हिमाली क्षेत्रमा भारी वर्षा हुने महर्जनले बताइन् । यसैले सरकारले यसका लागि प्रतिकार्यको तयारी गर्नुपर्नेमा महर्जनले जोड दिइन् । 'बिहीबारदेखि आइतबार बिहानसम्म कोशी, बागमती र गण्डकीको हिमाली क्षेत्रमा भारी वर्षा हुने देखिएको छ । ती क्षेत्रमा प्रतिकार्यमा जुट्नुपर्ने देखिन्छ । अरु क्षेत्रमा सतर्क रहनुपर्ने अवस्था छ,' उनले भनिन् ।

मौसम विभागले अहिले खेतीबालीमा काम गर्न नजान र पर्यटकीय क्षेत्रमा पदयात्रा रोक्नसमेत आग्रह गरेको छ ।

### हवाई सुरक्षामा सतर्कता अपनाउन आग्रह

सम्भावित प्रभावको क्षति कम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको छ । प्राधिकरणको हवाई मार्ग सेवा सुरक्षा मापदण्ड विभागले बुधबार सुरक्षा परिपत्र जारी गर्दै हवाई सेवा प्रदायक, विमानस्थल सञ्चालक, वायुसेवा सञ्चालक तथा सम्बन्धित सरोकारवालालाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेको हो ।

प्राधिकरणले हवाई ट्राफिक व्यवस्थापन गर्ने निकायलाई प्रतिकूल मौसममा उडान व्यवस्थापनको उचित योजना बनाउन, आवश्यकताअनुसार अन्य हवाई सेवा एकाइसँग समन्वय गर्न तथा मौसमका कारण निर्धारित सञ्चालन सीमाभन्दा अवस्था खराब भएमा उडानको मार्ग परिवर्तन, होल्डिङ र अन्य आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको छ ।

त्यस्तै, भारी वर्षा वा प्रतिकूल मौसमका कारण विमानको उडानमा असर पर्न सक्ने भएकाले राडार नियन्त्रकलाई आवश्यक दूरी कायम गर्न भनिएको छ । हावाको गति तथा दिशामा अचानक परिवर्तन हुने अवस्था (विन्ड सियर), तीव्र वायुमण्डलीय अस्थिरता र चटचाङयुक्त हुरीबतासम्बन्धी जानकारी उडान भर्ने तथा अवतरण गर्ने विमानलाई तत्काल उपलब्ध गराउन पनि परिपत्रमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा

## भारतमा पाँच जनाको मृत्यु, डेढ लाखभन्दा बढीको उद्धार

**काठमाडौं (प्रस)–** अर्नब चक्रवातका कारण भारतको आन्ध्र प्रदेशमा पाँच जनाको मृत्यु भएको छ । आन्ध्र प्रदेशका मुख्यमन्त्री एन चन्द्रबाबु नाइडुलाई उद्धृत गर्दै द हिन्दूको अनलाइन संस्करणले चक्रवातका कारण पाँच जनाको मृत्यु भएको जनाएको हो । चक्रवातका कारण हावाहुरी चलेपछि रुख ढल्दा र करेन्ट लागेर उनीहरूको मृत्यु भएको बताइएको छ ।

यो समाचार तयार पार्दासम्म उक्त चक्रवातका कारण उत्पन्न आँधीले ३० वटा घरमा क्षति पुगेको जनाइएको छ । २८ अक्टोबर २०२६ को बिहान आन्ध्र प्रदेशको तटीय क्षेत्रमा प्रवेश गरेको अर्नबले तीव्र हावाहुरी र भारी वर्षा आउँदा आन्ध्र प्रदेशका विभिन्न जिल्लामा घरका छाना उड्नुका साथै रुख र बिजुलीका खम्बा ढलेका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# मलेसिया रोजगारी बन्दको प्रभाव चौतर्फी

## श्रमिक, व्यवसायीसँगै मुलुकको अर्थतन्त्रसम्म प्रभावित हुने जोखिम

■ **ममता थापा**



**काठमाडौं–** मलेसियाले लागू गरेको फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)को विवादले नेपालबाट श्रमिक पठाउने प्रक्रिया बन्द हुँदा त्यसको चौतर्फी प्रभाव पर्ने देखिएको छ । नेपाली युवाहरूको प्रमुख रोजगार गन्तव्य मुलुकको रोजगारी अवरुद्ध हुँदा रोजगारीमा जाने तयारीमा रहेका युवा, वैदेशिक रोजगार क्षेत्रदेखि विप्रेषणमासमेत असर पर्ने देखिएको हो ।

मलेसियाले एफडब्ल्युसिएमएसमा सूचीकृत सीमित म्यानपावर कम्पनीमार्फत श्रमिक भर्ना प्रक्रियालाई अघि बढाउन खोजेपछि उत्पन्न विवादले निकास नपाउँदा श्रमिक भर्ना प्रक्रिया अवरुद्ध भएको छ । विभिन्न आर्थिक वर्षमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर गएकाहरूको तथ्यांक हेर्दा दैनिक औसतमा २०० जनाभन्दा बढी नेपाली मलेसिया जाने गरेका छन् । पछिल्लो विवादले मलेसिया रोजगारीमा जाने तयारीमा रहेका युवाहरू प्रत्यक्ष प्रभावित भएका छन् ।

मलेसिया जान प्रक्रिया थालेका तथा ऋण लिएका श्रमिकहरूले पुनः प्रक्रिया सुरु नभएसम्म पर्खने या अन्य विकल्प खोज्ने भन्ने अनिश्चित बनेको बताएका छन् । विदेश जान लिएको ऋणको ब्याज तिर्नुपर्ने र विदेश जाने तयारी गर्दा समयको क्षति व्यहोर्नुपर्ने जोखिममा कतिपय युवा रहेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

मलेसियामा उत्पादन, प्लान्टेसन, निर्माणलगायतका क्षेत्रमा श्रमिकहरू जाने गरेका छन् । चार लाखभन्दा बढी नेपाली कार्यरत उक्त मुलुक नेपालीहरूका लागि अनुकूल हावापानी र खाडी मुलुकको तुलनामा बढी न्यूनतम पारिश्रमिकका कारण महत्त्वपूर्ण मानिन्छ । खाडी मुलुकमा अदक्ष श्रमिकले मासिक करिब ४० हजार नेपाली रूपैयाँ कमाउँदा मलेसियाको न्यूनतम पारिश्रमिक ६० हजार रूपैयाँभन्दा बढी छ । हाल श्रमिक भर्ना रोकिँदा धेरै युवाले महत्त्वपूर्ण श्रम गन्तव्य गुमाउनुपरेको छ ।

पछिल्लो समय खाडी मुलुकलेसमेत उच्च दक्ष श्रमिक भित्र्याउन विभिन्न नीति लागू गरेका छन् । संयुक्त अरब इमिरेट्स (युएई)को प्रहरी प्रमाणीकरण, साउदी अरबको स्किल भेरिफिकेसनजस्ता जटिलता, पश्चिम एसियाको युद्धलगायतका कारण त्यहाँको रोजगारी प्रभावित हुँदै आएको छ । नेपाली श्रमिकको रोजगारीको विकल्प साँघुरिएको अवस्थामा मलेसिया जाने श्रमिकलाई अन्य मुलुकमा व्यवस्थापन गर्न नसकेको अवस्थामा मुलुकमा बेरोजगारी समस्या बढ्नेसमेत जोखिम रहेको सरोकारवाला बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

### 'कूटनीतिक संवादबाटै समस्या हल हुन्छ'



युवा, श्रम तथा रोजगार मन्त्रालयकी प्रवक्ता मीरा आचार्यले रोजगारी नै प्रभावित भएको अवस्थामा कूटनीतिक संवादबाट मात्र समस्याको समाधान हुने बताएकी छन् ।

'नागरिकको वैदेशिक रोजगारीको विषय र राज्यका कानुनविपरीत हुने प्रणालीको बारेमा सरकार गम्भीर छ । दुई देशबीच उत्पन्न समस्या समाधानका लागि कूटनीतिक संवाद, छलफलबाहेक अरु विकल्प छैन,' उनले भनिन्, 'हामी त्यसैका लागि निरन्तर छलफलमै छौं । मलेसियाले आफ्नो धारणा पठाए पनि दुवै मुलुकको हित हुनेगरी निचोडमा नपुगेसम्म पटक-पटक छलफल हुनसक्छ ।'

नेपालले मलेसियासँग संयुक्त कार्यदल (जेडब्ल्युजी)को बैठकमार्फत समस्या समाधान गर्न विभिन्न मितिसमेत प्रस्ताव गरिसकेको छ । यसबाहेक परराष्ट्र मन्त्रालय, दूतावासलगायतका निकायमार्फत हुने संवादले पनि निरन्तरता पाउने प्रवक्ता आचार्यले बताइन् ।


## विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, कुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## नेपालमा भारी...

प्राधिकरणले वर्षाका कारण धावनमार्गमा पानी जम्ने, सतह चिप्लिने तथा विमानको ब्रेकिङ क्षमतामा असर पर्न सक्ने जोखिमलाई ध्यानमा राख्दै नियमित निरीक्षण गर्न निर्देशन दिएको छ। वायुसेवा सञ्चालक तथा उडान चालक दललाई उडानअघि मौसमको विस्तृत मूल्यांकन गर्न, सम्भावित ढिलाइ, होल्डिङ तथा वैकल्पिक विमानस्थलमा अवतरण गर्नुपर्ने अवस्थालाई ध्यानमा राख्न र पर्याप्त इन्धन व्यवस्थापनसहित निर्धारित सुरक्षा प्रक्रियाको पालना गर्न प्राधिकरणले आग्रह गरेको छ।

### पदयात्रामा नजान आग्रह

पर्यटन विभागले यो अवधिमा भारी वर्षा तथा हिमाली क्षेत्रमा हिमपात र हिमपहिरोको जोखिम रहेको भन्दै उच्च हिमाली क्षेत्रमा नजान पर्यटक तथा पर्वतारोहीलाई आग्रह गरेको छ। प्रतिकूल मौसमले पदयात्रा तथा हिमाल आरोहण प्रभावित हुनसक्ने भएकाले उच्च हिमाली क्षेत्रमा नजान र त्यहाँ पुगिसकेका पर्वतारोही तथा पदयात्रीलाई सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ। साथै, आधिकारिक निकायबाट जारी हुने मौसमसम्बन्धी अद्यावधिक सूचनाका आधारमा यात्रा योजना बनाउन आग्रह गरिएको छ।

जिल्ला प्रशासन कार्यालय मुस्ताङले पर्यटकलाई सतर्क रहन आग्रह गरेको छ। मुस्ताङका प्रमुख जिल्ला अधिकारी परशुराम पोखरेलले चिसो बढ्ने, सडकमा पहिरो जाने तथा सडक र हवाई यातायात प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको जानकारी दिए। यसैगरी, लोमन्थाङ गाउँपालिकाले पनि मौसम प्रतिकूल हुने सूचना प्राप्त भएकाले कोरला नाका तथा आसपासका क्षेत्रमा सवारी साधन नलैजान आग्रह गरेको छ। गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले हिमपातका कारण सडक चिप्लो भई सवारी दुर्घटनामा पर्न सक्ने र सडक अवरुद्ध हुन सक्ने जोखिम रहेकाले कोरला नाकातर्फ सवारीसाधन नलैजान यातायात व्यवसायी, चालक, व्यापारी तथा पर्यटकलाई अनुरोध गरेका छन्।

पर्वतीय पर्यटन व्यवसायीहरूको छाता संस्था ट्रेकिङ एजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)ले उच्च सतर्कता अपनाउन पथप्रदर्शक, पदयात्री र पर्यटकलाई आग्रह गरेको छ। टानले एक सूचना जारी गरी बंगालको खाडीमा विकसित भएको 'अर्नब चक्रवात'का कारण नेपालमा पर्न सक्ने प्रभावबाट उच्च सतर्कता अपनाउन सदस्य कम्पनी, पदयात्री तथा पर्यटकलाई आग्रह गरेको हो। टानले सम्भावित चक्रवातका कारण पर्न सक्ने प्रभावबारे आफ्ना गाइड, सहयोगी र पर्यटकलाई समयमै जानकारी गराएर सोहीअनुसारको पूर्वतयारीको प्रबन्ध मिलाउन आग्रह गरेको छ।

### स्वास्थ्य क्षेत्रमा चनाखो रहन आग्रह

स्वास्थ्य क्षेत्रलाई उच्च सतर्कता अपनाउँदै पूर्वतयारी तथा प्रतिकार्यका काम प्रभावकारी बन्न आग्रह गरिएको छ। स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइले सातै प्रदेशका प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई पत्राचार गरी प्रतिकार्यका काममा प्रभावकारी बन्न आग्रह गरेको हो। एकाइका प्रमुख डा. हेमन्तचन्द्र ओझाले जारी गरेको परिपत्रमा चौबीसै घण्टा सम्पर्कमा रहन एक जना आपत्कालीन सम्पर्क व्यक्ति (इमर्जेन्सी फोकल पर्सन) तोक्ने, निजको सम्पर्क विवरण एकाइमा उपलब्ध गराउन तथा सार्वजनिक गर्न भनेको छ।

त्यसैगरी, सम्बन्धित हब तथा स्याटेलाइट अस्पताल सञ्जालनसँग समन्वय गरी आकस्मिक चिकित्सकीय टोली (इएमटी) सहित आवश्यक स्वास्थ्य जनशक्तिलाई तयारी अवस्थामा राख्न आग्रह गरिएको छ। स्वास्थ्य क्षेत्रका साझेदार निकायसँग समन्वय गरी उपलब्ध जनशक्ति, औषधि, स्वास्थ्य सामग्री, उपकरण, एम्बुलेन्स तथा अन्य स्रोतसाधनको विवरण अद्यावधिक गर्न पनि भनिएको छ। एकाइले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित घटना तथा अवस्थाको विवरण दैनिकरूपमा 'जिरो रिपोर्टिङ' वा 'इन्सिडेन्ट रिपोर्टिङ' मार्फत अनिवार्य रूपमा पठाउन पनि सबै प्रदेशका केन्द्रलाई आग्रह गरेको छ।

■■■

## भारतमा पाँच...

तटीय क्षेत्रका होचा भूभाग डुबानमा परेका छन्। ओडिसाका दक्षिणी जिल्लाहरूमा पनि तीव्र हावाहुरी र भारी वर्षा भइरहेको छ। चक्रवातले सिर्जना गरेको वर्षाका कारण ७९ हजारभन्दा बढी हेक्टरमा लगाइएको धानबाली नष्ट भएको र २५ लाखभन्दा बढी विद्युत् लाइनको कनेक्सन अवरुद्ध भएका छन्। सरकारी स्रोतहरूलाई दाबी गर्दै यो विपद्बाट एक लाख ८० हजार जनालाई सरकारले उद्धार गरेको जनाएको छ। भारी वर्षाका कारण विशाखपट्टनका ३८ भन्दा बढी हवाई उडान रद्द भएका र विद्यालयहरू बन्द रहेका छन्। भारतले बिहार, उडिसा, तेलंगना, मध्यप्रदेश, झारखण्ड, उत्तरप्रदेशलगायत राज्यहरूमा उच्च सतर्कता अपनाउन निर्देशन जारी गरेको छ।

भारतका प्रभावित क्षेत्रमा धानबाली डुबानमा परेका छन् भने १६७ गाउँमा बाढीको चेतावनी जारी गरिएको छ। भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार चक्रवात बुधबार बिहानपख करिब १:२० बजे काकीनाडानजिकै जमिनमा प्रवेश गर्न सुरु गरेको थियो। यो क्षेत्र यानमको दक्षिणमा तथा बापटला र विशाखापट्टनमबीच पर्छ। गुगलको मौसम पूर्वानुमान स्याटलाइटले भने नेपाल आइपुग्दा चक्रवातको असर कमजोर हुने जनाएको छ। २१५ किलोमिटर प्रतिघण्टाको गतिमा सुरु भएको अर्नब चक्रवातको गति बुधबार आइपुग्दा प्रतिघण्टा ८५ किलोमिटरमा झरेको छ। बिहीबार यसको गति प्रतिघण्टा ४५ मिलोमिटरमा झर्ने बताइएको छ।

### कहाँ कहाँ पर्दै छ भारी वर्षा ?

सुदूरपश्चिम र कर्णालीबाहेकका अरु प्रदेशमा भारी वर्षाको पूर्वानुमान गरिएको छ। 'हालसम्मको मौसम विश्लेषणअनुसार कातिक १२ गते बिहीबारबाट सुरु भई विशेषगरी आइतबार बिहानसम्म कोशी, बागमती, मधेस, गण्डकी र लुम्बिनी प्रदेशसम्मको क्षेत्र बढी प्रभावित हुने सम्भावना रहेको छ,' महाशाखाले बुधबार जारी गरेको विशेष बुलेटिनमा भनिएको छ।

त्यसको प्रभावले आजदेखि आइतबार बिहानसम्म कोसी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा मेघ गर्जन, चटयाङ, हावाहुरीसहित मध्यमसम्मको र थोरै ठाउँमा भारी वर्षाको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ। 'लुम्बिनी प्रदेशका केही स्थानमा मेघ गर्जन, चटयाङ, हावाहुरीसहित मध्यमसम्मको र थोरै स्थानमा भारी वर्षाको पनि सम्भावना छ,' महाशाखाले भनेको छ, 'साथै, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा मेघ गर्जन, चटयाङ, हावाहुरीसहित मध्यम वर्षा तथा एक-दुई स्थानमा भारी वर्षासमेत सम्भावना छ।

■■■

## तिहारलगत्तै...

जेन-जी आन्दोलनपछि सत्ता गुमाएको नेकपा एमालेले सरकारको कार्यशैली, राष्ट्रियता, संविधान र लोकतान्त्रिक व्यवस्थासम्बन्धी सवाललाई आन्दोलनको मुद्दा बनाउने भएको छ। एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले नेता तथा कार्यकर्तालाई सरकारविरुद्ध सशक्त प्रतिवाद गर्न निर्देशन दिँदै आएका छन्। बुधबार उनले पार्टी केन्द्रीय कार्यालय च्यासलमा नेताहरूलाई भने, 'देश क्रिटिकल अवस्थामा छ। यस अवस्थाबाट हामीले देशलाई पार लगाउनुपर्ने छ। यसका लागि हामी आन्दोलनका लागि तयार हुनुपर्छ।' असोजको दोस्रो साता बसेको एमाले केन्द्रीय कमिटी बैठकले सदन र सडकबाट आन्दोलन गर्ने निष्कर्ष निकालेको थियो। सोही निष्कर्षका आधारमा अध्यक्ष ओलीले सरकारविरुद्ध जनताको प्रतिवाद आवश्यक रहेको बताएका छन्।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय, सुशासन र जनजीविकाका सवाललाई मुख्य एजेण्डा बनाएको छ। नेकपाले कात्तिक ७ देखि मंसिर २५ गतेसम्म राष्ट्रिय जागरण अभियान सञ्चालन गरिरहेको छ। वालेन्द्र सरकारका जनविरोधी कामको भण्डाफोर गर्ने, पार्टी संगठन सुदृढ बनाउने र जनताका गुनासा सुन्ने अभियानमार्फत आन्दोलनको आधार तयार पार्ने प्रवक्ता प्रकाश ज्वालाले बताए। पार्टीको आन्तरिक परिपत्रमा अन्य वामपन्थी, लोकतान्त्रिक तथा देशभक्त शक्तिसँग सहकार्य गर्ने उल्लेख छ। परिपत्रमा भनिएको छ, 'राष्ट्रिय स्वाधीनता, लोकतान्त्रिक गणतन्त्र, जनजीविका, सुशासन, सामाजिक न्याय तथा राष्ट्रिय हितका साझा सवालमा अन्य देशभक्त, लोकतान्त्रिक तथा वामपन्थी राजनीतिक दल, समूह तथा व्यक्तिसँग संवाद, सहकार्य र समन्वय गरिने छ।'

दाहालले वालेन्द्र सरकार राष्ट्रियता, सामाजिक न्याय, आर्थिक समृद्धि र जनजीविकाका सवालमा अनुदार बन्दै गएको आरोप लगाउँदै आएका छन्। उनले सरकारविरुद्ध आन्दोलन गर्न सबै मिल्न सक्ने पक्षसँग सहकार्य गर्ने बताएका छन्। 'हामी मिल्न सक्ने जो-जो हुन्छ, ऊसँग मिल्न डराउँदैनौं। यद्यपि, तत्काल एमालेसँग पार्टी एकता हुने सम्भावना छैन,' उनले भने। नेकपाले नागरिक समाज, बुद्धिजीवी, श्रमिक, किसान तथा विभिन्न राजनीतिक दलसँग पनि समन्वय गर्ने नीति लिएको छ। प्रवक्ता ज्वालाले पनि राष्ट्रियता, संविधान र गणतन्त्रको रक्षाका लागि विभिन्न शक्तिसँग सहकार्य गर्ने बताएका छन्। उनले प्रभावसँग भने, 'अहिले देश संकटमा छ। राष्ट्रियता, संविधान, लोकतन्त्र, गणतन्त्रलाई कमजोर पार्ने षड्यन्त्र भइराखेका छन्। त्यसविरुद्ध वामपन्थी, देशभक्तलगायत शान्ति र संविधान पक्षधर सबैसँग सहकार्य हुन्छ।'

मेडिकल व्यवसायी दुर्गा प्रसाईंले पनि तिहार सकिएलगत्तै देशव्यापी आन्दोलन सुरु गर्ने घोषणा गरेका छन्। उनको समूहको आन्दोलनको एजेण्डा एमाले र नेकपाको भन्दा फरक छ। प्रसाईंले हिन्दू अधिराज्य पुनःस्थापना, राजसंस्था पुनःस्थापना तथा राष्ट्रिय स्वाभिमानको रक्षा आफ्नो अभियानको मुख्य उद्देश्य भएको बताएका छन्। उनले सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै सर्वसाधारणलाई दैनिक उपभोग्य सामग्री अग्रिम किनेर राख्न आग्रह गरेका छन्। 'अब हामी रोकिने अवस्थामा छैनौं। नुन, तेलदेखि आवश्यक जे-जे छ, अहिले नै किनेर राख्नुस्,' उनले भनेका छन्।

उनले यसपटकको आन्दोलन पहिलेभन्दा फरक र निर्णायक हुने दाबी गरेका छन्। प्रसाईंले यसअघि पनि राजसंस्था र हिन्दू राष्ट्र पुनःस्थापनाको माग गर्दै विभिन्न स्थानमा आन्दोलन गर्दै आएका थिए। तर, उनले घोषणा गरेको आन्दोलनको विस्तृत कार्यक्रम, सहभागी समूह र सरकार परिवर्तनका लागि अपनाइने रणनीतिबारे स्पष्ट विवरण सार्वजनिक भइसकेको छैन।

डा. धवलशमशेर जबरा नेतृत्वको जय नेपाल पार्टीले पनि सरकारविरुद्ध आन्दोलनको तयारी गरेको छ। पार्टीले महँगी नियन्त्रण, बजार भाउ घटाउने, हिन्दू, बौद्ध र किरात परम्परासहितको सनातन हिन्दू अधिराज्य स्थापना तथा संवैधानिक राजसंस्था पुनःस्थापनालगायत आठबुँदे एजेण्डा अघि सारेको छ। यो पार्टीको आन्दोलनमा आर्थिक समस्या र महँगी नियन्त्रणका मागसँगै धार्मिक तथा राजसंस्थासम्बन्धी मुद्दा जोडिएका छन्।

यसरी हेर्दा तिहारपछि आन्दोलनमा उत्रने तयारीमा रहेका सबै पक्षको उद्देश्य एउटै छैन। एमाले र नेकपाले सरकारको कार्यशैली, राष्ट्रियता, संविधान, सुशासन र जनजीविकालाई मुख्य मुद्दा बनाएका छन् भने प्रसाईं र जय नेपाल पार्टीले राजसंस्था तथा हिन्दू अधिराज्य पुनःस्थापनालाई प्राथमिकता दिएका छन्।

मधेसकेन्द्रित राजनीतिक दलहरू पनि आन्दोलनको तयारीमा छन्। यसरी विपक्षी दलहरूले आन्दोलनको तयारी गरिरहँदा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले भने सरकार परिवर्तनका लागि तत्काल आन्दोलन गर्ने सोचको आलोचना गरेका छन्। उनले निर्वाचनबाट बनेको सरकारलाई संविधानको सीमाभित्र रहेर पूरा कार्यकाल काम गर्न दिनुपर्ने बताएका छन्।

भट्टराईले सामाजिक सञ्जालमा लेखेका छन्, 'प्रमुख राष्ट्रिय चाडपर्वहरू सकिएलगत्तै देशमा आन्दोलनको आँधीबेहरी ल्याउने, सरकार परिवर्तन गर्ने आदि चर्चा चल्न थाल्नु विडम्बनापूर्ण र चिन्ताजनक छ।' उनका अनुसार लोकतन्त्रमा सरकारको आलोचना गर्नु, सदन र सडकबाट खबरदारी गर्नु स्वाभाविक हो। तर, निर्वाचन सम्पन्न भएको केही समयमै सरकार ढाल्ने प्रयास गर्दा देशमा राजनीतिक अस्थिरता बढ्न सक्छ।

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भने आन्दोलनकै कारण सरकार ढल्ने दाबी यसअघि नै अस्वीकार गरेको छ। सभापति रवि लामिछानेले सरकार परिवर्तन गर्न चाहने दलहरूलाई निर्वाचनको बाटो रोज्न आग्रह गरेका छन्। नेपाली कांग्रेसको १५औं महाधिवेशनलाई सम्बोधन गर्दै लामिछानेले भनेका थिए, 'यो पटक-पटक सरकार ढल्छ भन्ने मान्छेचाहिँ सरकार नढलेको देखेर बेहोस भएर ढल्छ, सरकार ढल्दैन, बिल्कुल ढल्दैन।' रास्वपाका महामन्त्री विपिनकुमार आचार्यले सरकारका गलत कामविरुद्ध खबरदारी गर्नु र सरकार ढाल्न खोज्नु फरक विषय भएको बताएका छन्।

■■■

## मलेसिया रोजगारी...

जसले धेरै परिवारको जीवनयापनमा प्रभावित पार्न सक्ने उनीहरूको तर्क छ। नेपाल राष्ट्र बैंकका अनुसार मुलुक भित्रने कूल विप्रेषणमा करिब २० प्रतिशत हिस्सा मलेसियाबाट भित्रने रकमको छ। हाल त्यहाँ कार्यरत नेपालीहरूले आफ्नो कमाइ पठाइरहे पनि लामो समयसम्म नयाँ श्रमिकको भर्ना रोकिए विदेशबाट रेमिटान्स पठाउनेको संख्या घट्दै जाने र यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने देखिन्छ।

अर्कोतर्फ नेपालमा सक्रिय ११ सयभन्दा बढी इजाजतपत्र प्राप्त संस्थामध्ये ५०० भन्दा बढी संस्था मलेसिया रोजगारीमा निर्भर रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भनाइ छ। यता मलेसियाको विवादित एफडब्ल्युसिएमएसमा २७५ वटा संस्थालाई मात्र सूचीकृत गरिएको छ। सीमित व्यवसायीलाई मात्र मलेसियाको काम गर्न दिँदा बाँकीको रोजीरोटी गुम्ने चिन्ता बढेको छ।

### मलेसिया आफ्नै अडानमा

मलेसियाको मानव संसाधन मन्त्रालयले नेपालबाट एफडब्ल्युसिएमएसमा सूचीकृत २५ वटा प्रिन्सिपल रिक्रुटिङ एजेन्सी र ती एजेन्सीअन्तर्गतका २५० वटा संस्थाबाट मात्रै श्रमिक लैजाने अडान दोहोर्‍याएको छ। मन्त्रालयले नेपालको श्रम मन्त्रालयलाई अक्टोबर ६ तारिखमा पठाएको पत्र बुधबारमात्र सार्वजनिक भएको छ। जसमा एफडब्ल्युसिएमएस लागू गर्नुको औचित्यबारे खुलाइएको छ। सीमित र कडा जाँचपास गरिएका एजेन्सीमार्फत कामदार भर्ना गर्दा अनैतिक भर्ती, सम्झौताविपरीत काममा लगाउने, अत्यधिक शुल्क असुल्ने र श्रमिकमाथि हुने शोषणलगायतका जोखिम घट्ने मलेसियाको दाबी छ। कूटनीतिक पत्रमा उसले नेपालसँगको ऐतिहासिक तथा द्विपक्षीय सम्बन्धलाई उच्च महत्त्व दिएको पनि उल्लेख गरेको छ।

यता ती संस्थाको पूर्वस्वीकृति रोकेर सरकारले आवश्यक छानबिन अघि बढाइरहेको छ। बाँकी व्यवसायीले श्रमिकको स्वास्थ्य परीक्षण गर्न नपाउँदा मलेसिया रोजगारी ठप्प छ। मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने ३६ वटा संस्था सूचीकृत 'बेस्टिनेट' नामको कम्पनीले अक्टोबर छ तारिखमा मेमो पठाउँदै मेडिकल सेन्टरहरूलाई अक्टोबर १५ अघि बायोमेट्रिक दर्ता, स्वास्थ्य परीक्षण, ल्याब रिपोर्ट, आवश्यक परे पुनः परीक्षण लगायतका काम पूरा गरिसक्न समेत भनको थियो। जसकारण उक्त मितिपछि नयाँ श्रमिकको बायोमेडिकल नभएको जनाइएको छ।


**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १७९ कात्तिक १० गते २०८३ मा प्रकाशित Shreesha International Pvt.Ltd. को LT No. 349714 भएका कम्पनीको नाम MBF PROTECTION SERVICES SDN BHD हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

Shreesha International Pvt.ltd.
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
Govt. License 1573/079/080
For Location



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१२ गते

यस कम्पनीको मिति २०८३/०६/२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **अजिता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **पाल्कु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.(दर्ता नम्बर २२०८४९)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१२ गते

यस कम्पनीको मिति २०८३/०५/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **नेचर फार्म प्रा.लि.** को नाम परिवर्तन गरी **सेभेन किंगडम फन पार्क एण्ड रिसोर्ट प्रा.लि. (दर्ता नम्बर २५६९१२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६४।०४।०९ मा दर्ता भएको प्रा.लि.नं. ४७०२१ को **पि.एण्ड.जि.इन्टरनेशनल ट्रेड सोलुसन** नामक कम्पनीले १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना**

यस कार्यालयमा मिति २०६६/१२/०४ मा दर्ता भएको **आल्मो ट्राल्भल्स एण्ड टुर्स प्राइभेट लिमिटेड (प्रा.लि. नं. ७१३८४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**कम्पनीको दर्ता खारेजी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६१/०६/०४ मा दर्ता भएको **आकाश नेपाल कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि. नं. १०१२०५)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ दिन** भित्र यस कार्यालयमा दावी गर्न आउन हुन सम्बन्धित सबैका सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दर्ता गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमनुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

**हक दावी गर्न आउने बारेको ३५ (पैतिस) दिने सूचना**

यस कार्यालयमा मिति २०७४/१२/०४ मा दर्ता भएको **टप हस्पिटालिटी एण्ड फेसिलिटीज् सर्भिसेज प्राइभेट लिमिटेड (प्रा.लि. नं. १८५८३६)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**हकदावीको सूचना**

गण्डकी प्रदेश, स्याङजा जिल्ला, विरुवा गाँउपालिका, वडा नं. ४ बस्ने श्री धन बहादुर क्षेत्रीकी नातीनी, श्री किसन बहादुर क्षेत्रीकी छोरी, सिमरन क्षेत्रीको मिति बि.सं.२०८२/०६/१७ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. २४३०५४४०२५०२५२ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाँउ भनि निजकी आमा श्रीमती देवी क्षेत्रीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग दावी बमोजिम भई जाने ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

NIMB नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.
शाखा कार्यालय, सैनामैना
फोन नं : ०७१- ४४०१७७, ४४००८४


## आजको राशिफल



ज्यो. गुरु अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, १२ कातिक, २०८३

| | |
|---|---|
| मेष | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट राम्रो सहयोग मिल्नेछ। |
| वृष | साथीभाइबाट सहयोग मिल्नेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस्। |
| मिथुन | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। खर्चमा ध्यान दिनुहोला। |
| कर्कट | आत्मविश्वास बढ्नेछ। नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। |
| सिंह | काममा सफलता मिल्नेछ। स्वास्थ्य र आराममा ध्यान दिनुहोस्। |
| कन्या | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ। आम्दानीका स्रोत बढ्ने संकेत छ। |
| तुला | मनमा उत्साह बढ्नेछ। रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ। |
| वृश्चिक | कामको दबाब बढ्न सक्छ। धैर्य र संयमले समस्या समाधान हुनेछ। |
| धनु | काममा उत्साह बढ्नेछ। आर्थिक पक्षमा सुधारको संकेत छ। |
| मकर | नयाँ अवसर प्राप्त हुन सक्छ। बोलीमा संयम अपनाउनुहोस्। |
| कुम्भ | महत्त्वपूर्ण काम पूरा हुने दिन छ। पारिवारिक सम्बन्ध सुमधुर रहनेछ। |
| मीन | नयाँ योजना बनाउन अनुकूल समय छ। यात्राबाट लाभ मिल्न सक्छ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ कातिक, २०८३ (२९ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५१.८९ | १५२.४९ |
| युरो | १ | १६९.२१ | १६९.८८ |
| पाउन्ड स्टिर्लङ | १ | २०२.२४ | २०३.०४ |
| स्विस फ्रैन्क | १ | १८३.३४ | १८४.०७ |
| अस्ट्रेलियन डलर | १ | १०६.७१ | १०७.१३ |
| क्यानाडियन डलर | १ | १०८.३५ | १०८.७७ |
| सिङगापुर डलर | १ | ११८.५० | ११८.९७ |
| जापानी येन | १० | ९.६३ | ९.६७ |
| चिनियाँ युआन | १ | २२.७८ | २२.८७ |
| साउदी अरब रियाल | १ | ४०.४७ | ४०.६३ |
| कतारी रियाल | १ | ४१.६७ | ४१.८४ |
| थाई भाट | १ | ४.५० | ४.५२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.३६ | ४१.५२ |
| मलेसियन रिङ्केट | १ | ३७.१५ | ३७.२९ |
| दक्षिण कोरियन वन | १०० | ११.४४ | ११.४९ |
| स्विडिस क्रोनर | १ | १५.२५ | १५.३१ |
| डेनिस क्रोनर | १ | २२.६४ | २२.७३ |
| हङकङ डलर | १ | १९.३६ | १९.४४ |
| कुवेती दिनार | १ | ४९२.९१ | ४९४.८६ |
| बहराइन दिनार | १ | ४०२.६२ | ४०४.२१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ।



**कोदो चुट्दै** | हुम्ला जिल्लाको काँखे गाउँमा परम्परागत प्रविधि ग्याब्रीले छतमा कोदो चुट्दै एक किशोरी । हुम्लालगायतका क्षेत्रमा परम्परागत प्रविधि ग्याब्रीमार्फत कोदो चुट्ने चलन छ । *तस्बिरः रासस*

# विज्ञापन विभेद रोक्ने फैसला अविलम्ब कार्यान्वयन गर्न निर्देशन

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारी विज्ञापनमा विभेदविरुद्धको फैसला 'अविलम्ब कार्यान्वयन गर्न' सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले सरकारलाई निर्देशन दिएको छ ।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सूचना तथा सञ्चार मन्त्रालयलाई पत्राचार गर्दै सो फैसला अविलम्ब कार्यान्वयन गरी कार्यान्वयनको जानकारी निर्देशनालयलाई गराउन निर्देशन दिएको हो ।

असार ३० को फैसला कार्यान्वयनको माग गर्दै दायर गरिएको निवेदन उपरको कारबाहीमा फैसला कार्यान्वयन निर्देशनालयले उक्त निर्देशन दिएको निवेदक अधिवक्ता अनन्तराज लुईंटेलले जानकारी दिए ।

सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सरकारी विज्ञापनमा विभेद गर्न नपाइने भन्दै २०८२ चैत १८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णय तथा परिपत्र उत्प्रेषणको आदेशले बदर गरेपश्चात् समेत फैसलाको कार्यान्वयन हुन नसकेको दाबीसहित अधिवक्ता लुईंटेलले निर्देशनालयमा निवेदन दायर भएको हो ।

सो फैसलाको पूर्णपाठमा भनिएको छ, 'सरकारले सार्वजनिक तथा निजी सञ्चारमाध्यमलाई विभेदपूर्ण व्यवहार गर्न, सरकारी सूचना वा विज्ञापनको प्रकाशन प्रसारण गर्दा भेदभाव नगरी व्यवहार गर्न मिल्ने कानुनी व्यवस्था नियमन गर्ने ऐन, २०७६ लगायतमा नरहेको सन्दर्भमा सञ्चारको हक र अन्ततः विचार र अभिव्यक्तिको स्वतन्त्रताको उपभोगमा प्रतिकूल असर गर्नेगरी प्रत्यर्थीबाट मिति २०८२।१२।१८ को निर्णयलाई संविधान र कानुन अनुकूलको मान्न मिलेन । तसर्थ, प्रत्यर्थी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवबाट मिति २०८२।१२।१८ को विवादित निर्णय तथा पत्राचार कायम रहन नसक्ने भएकोले नेपालको संविधानको धारा १३३(२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।'

चैत १८ को विभेदकारी निर्णय तथा परिपत्र बदरको माग गर्दै अधिवक्ता लुईंटेलले सर्वोच्च अदालतमा निवेदन दायर गरेका थिए । चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचनाहरू गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो ।

# छ हजार शिक्षकको बढुवा पुनरवलोकन हुँदै

**काठमाडौं (प्रस)–** शिक्षक सेवा आयोगले बढुवा योग्यताक्रम सूचीमा परेका करिब छ हजार शिक्षकको उजुरीको पुनरवलोकनको नतिजा प्रकाशनलाई तीव्रता दिएको छ । आयोगका प्रवक्ता परशुराम तिवारीका अनुसार बढुवा सिफारिस समितिको सचिवालयबाट गरिएको निर्णयअनुसार ७५ प्रतिशत कार्यसम्पादन मूल्यांकनका आधारमा हुने बढुवाको योग्यताक्रम सूची धमाधम प्रकाशन गरिएको हो । 'शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि, २०७८' (संशोधनसहित) को परिच्छेद १५ अन्तर्गत व्यवस्था भएबमोजिम आयोगले प्राप्त कागजात र प्रमाणहरूको अध्ययन गरी सम्बन्धित जिल्ला तथा तहका शिक्षकको बढुवा नतिजा कायम गर्ने गरी नतिजा प्रकाशन थालेको आयोगले जनाएको छ ।

विभिन्न प्रदेशका शिक्षा हेर्ने मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालयबाट भएका कार्यसम्पादन मूल्यांकनमाथि परेका उजुरीमाथिको अध्ययन/छानबिनबाट पुनरवलोकनको नतिजा प्रकाशन गर्दै आएकामा पछिल्लो छ महिना आयोगका पदाधिकारी रिक्त रहेका कारण पुनरवलोकन कार्य रोकिएको थियो ।

आयोगले यही कात्तिकमा माध्यमिक द्वितीय तहको इलाम, सुनसरी, झापा, सोलुखुम्बु तथा गत असोज २९ गते प्राथमिक द्वितीयको लमजुङ, बाग्लुङ, गोरखा, नवलपरासी बर्दघाट सुस्ता पूर्व र कास्कीको पुनरवलोकन नतिजा प्रकाशन गरेको छ । नेपाल सरकारले गत भदौ २५ गते आयोगको अध्यक्षमा डा. हरिप्रसाद लम्सालसहित पदाधिकारी नियुक्त गरेको थियो । गत वैशाख १८ गते जारी भएको 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' बाट आयोगका पदाधिकारी रिक्त भएका थिए ।

# बालबालिका, गर्भवती र सुत्केरी महिलालाई इनर्जी ड्रिंक्स सेवन नगर्न मन्त्रालयको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयअन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बालबालिका, गर्भवती तथा सुत्केरी महिला, मधुमेहलगायतका रोग भएका व्यक्ति र क्याफिनप्रति संवेदनशील व्यक्तिलाई इनर्जी ड्रिंक्स सेवन नगर्न आग्रह गरेको छ । विभागले इनर्जी ड्रिंक्सको सुरक्षित उपभोगबारे उपभोक्ता, उत्पादक तथा सरोकारवालालाई जानकारी गराउँदै यस्तो आग्रह गरेको हो । विभागले इनर्जी ड्रिंक्स सेवन गर्न मिल्ने व्यक्तिलाई समेत एक दिनमा दुई क्यानभन्दा बढी सेवन नगर्न सुझाव दिएको छ ।

विभागका अनुसार नेपालमा हाल १७ वटा उद्योगले सम्बन्धित निकायबाट अनुमति लिएर इनर्जी ड्रिंक्स उत्पादन तथा बिक्रीवितरण गरिरहेका छन् । उत्पादनको लेबल विवरण र प्रयोगशाला विश्लेषण प्रतिवेदनअनुसार प्रतिक्यान १०० मिलिग्राम क्याफिन प्रयोग गरिएको पाइएको छ ।

युरोपेली खाद्यसुरक्षा प्राधिकरण (इएफएसए) र अमेरिकी खाद्य तथा औषधि प्रशासन (युएसएफडिए) लगायतका संस्थाले स्वस्थ वयस्कका लागि सबै खाद्य तथा पेय पदार्थबाट प्राप्त हुने कुल क्याफिनको मात्रा दैनिक ४०० मिलिग्रामभन्दा बढी नहुनेगरी सेवन गर्न सकिने वैज्ञानिक आधार प्रस्तुत गरेका छन् । विभागले नेपालमा उत्पादित इनर्जी ड्रिंक्समा प्रयोग गरिएको क्याफिनको मात्रा उक्त दैनिक सीमाको २५ प्रतिशतभन्दा कम रहेको जनाएको छ ।

विभागले इनर्जी ड्रिंक्सलाई पानी, जुस, दूध, मोहीलगायतका पौस्टिक पेय पदार्थको विकल्पका रूपमा प्रयोग नगर्न र अन्य पेय पदार्थमा मिसाएर सेवन नगर्न पनि अनुरोध गरेको छ ।

त्यस्तै, उत्पादक तथा बिक्रेतालाई प्रचलित कानुनअनुसार आवश्यक अनुमति लिएरमात्र विज्ञापन तथा प्रचारप्रसार गर्न र उत्पादनको लेबलमा उल्लेख गरिएका चेतावनी सन्देश तथा सुरक्षित उपभोगसम्बन्धी जानकारी स्पष्ट रूपमा सम्प्रेषण गर्न आग्रह गरिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्ने कार्यलाई प्राथमिकतामा राख्दै विभागले वैज्ञानिक तथ्य र अन्तर्राष्ट्रिय मापदण्डका आधारमा खाद्य पदार्थको गुणस्तरसम्बन्धी विषयमा जानकारी सम्प्रेषण गर्न सरोकारवालालाई अनुरोध गरेको छ । खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ विपरीत कार्य गर्ने व्यवसायीलाई कानुनअनुसार कारबाही गरिने विभागले जनाएको छ ।


**कतारमा रोजगार** कम्पनी : Bibash Foodstuff Trading

पूर्व स्वीकृति मिति : २०८३/०७/११ | LT. No. 349868 | चलानी नं. ६०२६२९५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Secretary For Recreation | 0 | 5 | 2100 | ८७,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Supervisor - NCC | 5 | 0 | 2500 | १,०४,४१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक १८ गते (5th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०
**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com

**साउदीमा रोजगार** कम्पनी : GTR BEST WASH CAR SERVICES.

पूर्व स्वीकृति मिति : २०८३-०६-३० | LT. No. 349460 | चलानी नं. ६०२६२८१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1300 | ५२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १९ गते (5th Nov. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

**युएइमा रोजगार** कम्पनी : AL MUROOJ GENTS TAILORING

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०७/११ | LT. No. . 345855 | चलानी नं. ६०२५९१९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 5 | 0 | 1500 | ६२,२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Embroidering Machine Operator | 2 | 0 | 1500 | ६२,२३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक १९ गते (5th Nov. 2026) मा हुनेछ ।

